उच्च अदालत पोखरा
संयुक्त इजलास
इजलास नं.- २
माननीय का.मु.मुख्य न्यायाधीश श्री राजन प्रसाद भट्टराई
माननीय न्यायाधीश श्री उमेश कोइराला

**आदेश**

मुद्दा नं. ०७९-WO-०१०५
निवेदन दर्ता मिति:- २०८०/०२/१७
मुद्दाः- उत्प्रेषण तथा परमादेश ।
नि.नं.६०८

| | |
|---|---|
| लुम्बिनी प्रदेश बाँके जिल्ला बनकटवा गाविस वडा नं. ०९ को परिवर्तित बैजनाथ गाउँपालिका वडा नं. ०६ घर भई हाल गण्डकी प्रदेश कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. १४ बस्ने अधिवक्ता मनोज घर्ती मगर ....... १ | निवेदक |

विरुद्ध

| | |
|---|---|
| गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, पोखरा तथा ऐ. मन्त्रिपरिषद्का मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे ........................................ १<br>गण्डकी प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, पोखरा तथा ऐ. मन्त्रालयका मन्त्री दिपेन्द्रबहादुर थापा ........................................ २<br>ताल संरक्षण तथा विकास प्राधिकरण गण्डकी प्रदेश, पोखरा तथा ऐ. प्राधिकरणका प्रमुख कल्पना देवकोटा ........................................ ३<br>पोखरा महानगरपालिकाको कार्यालय तथा ऐ. कार्यालयका प्रमुख धनराज आचार्य ........................................ ४ | विपक्षी |

**न्याय प्रशासन ऐन, २०७३ को दफा ८ को उपदफा (१) बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्र पर्ने भई दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र ठहर यस प्रकार रहेको छः**

## तथ्य खण्ड

१. निवेदन मागदावी

विपक्षीहरू संविधान र कानून बमोजिम फेवातालको संरक्षणको दायित्व बोकेका राज्यका निकायहरू हुन्। संविधान र सम्बन्धित ऐनमा भएको व्यवस्था बमोजिम आफ्नो कर्तव्य र

दायित्व निर्वाह गर्नुपर्नेमा विपक्षीहरूबाट फेवातालको उचित संरक्षण र संवर्द्धन हुन सकेको छैन। विपक्षीहरूका क्रियाकलापहरूकै कारणबाट नेपालको मात्रै नभएर अन्तर्राष्ट्रिय रुपमा ख्याति कमाएको फेवाताल निरन्तर रुपमा मासिँदै गइरहेको छ। विपक्षीहरूको काम कारवाहीबाट संविधान तथा कानूनविपरित फेवाताललाई गम्भीर तथा अपूरणीय क्षति पुग्न गएको छ। फेवातालको उत्तरपश्चिम तर्फको क्षेत्रमा दिनहूँ साँझ पर्नासाथ दर्जनौं टिपरमा माटो ओसारेर ताल छेउको होचो जमिन उकास्ने र सम्याउने काम भइरहेको छ। विपक्षीहरूले नियमन गर्नुपर्नेमा त्यतातिर ध्यान नदिंदा उक्त कृयाकलापबाट फेवातालको सिमसार क्षेत्र पुरिने र ताल सुक्दै जाने देखिन्छ। गण्डकी प्रदेश वातावरण संरक्षण ऐन, २०७६ को दफा ५ मा वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी कार्यलाई प्रदेशस्तरमा प्रभावकारी रुपमा संचालन गर्न एक प्रदेश वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन परिषद् रहने व्यवस्था छ। त्यसैगरी गण्डकी प्रदेश भित्रको वातावरण र जैविक विविधताको संरक्षण गर्ने काम उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय गण्डकी प्रदेशको हो। गण्डकी प्रदेश सभाले बनाएको प्रदेश वातावरण संरक्षण ऐन, २०७६ को दफा ५ मा वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी कार्यलाई प्रदेशस्तरमा प्रभावकारी रुपमा संचालन गर्न एक प्रदेश वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन परिषद् रहने व्यवस्था छ। सो परिषदमा वातारण सम्बन्धी हेर्ने मन्त्री सदस्य रहने व्यवस्था छ। यस्तै गण्डकी प्रदेश सरकारले प्रदेश भरीका तालहरुको संरक्षण गर्न ताल संरक्षण तथा प्राधिकरण ऐन, २०७५ बनाएको छ। सोही ऐनको दफा ७ मा ऐन बमोजिम प्राधिकरणलाई तोकिएको काम, कर्तव्य र अधिकारको प्रयोग र पालना गर्न, गराउन एक कार्यकारी समितिको व्यवस्था गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को खण्ड (ज), उपदफा (१२), (१८) र (१९) ले गरेको व्यवस्था तथा पोखरा महानगरपालिकाको आठौं नगर सभाले बनाएको **वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७** को दफा ३ को उपदफा (१), दफा ३ को उपदफा (२), दफा ५ को उपदफा (१) ले गरेको व्यवस्था विपरितको कार्य भैरहेको छ। पोखरा महानगरपालिकाको अकर्मण्यता र मिलेमतोका कारण फेवातालको सिमसार क्षेत्र अतिक्रमित हुन पुगेको छ।

यसरी संविधान तथा कानून अनुसार सुम्पिएको जिम्मेवारी वहन नगरेकै कारणबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा ख्यातिप्राप्त महत्वपूर्ण प्राकृतिक सम्पदाका रुपमा रहेको फेवातालको संरक्षणका लागि सम्बन्धित निकायहरुलाई जिम्मेवार बनाउन देहाय बमोजिमको आदेश जारी गरी पाउँ-

- प्रदेश वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन परिषद् गठन नभएको भए तत्कालै गठन गर्न र गठन भइसकेको भए फेवातालको सिमसार क्षेत्र संरक्षणमा प्रभावकारी कदम चाल्न र फेवातालको सिमसार क्षेत्र प्राकृतिक

तथा मानवीय कारणहरूबाट पुरिन नदिई त्यसलाई बचाउनका लागि फेवातालको सिरानमा रहेको सिमसार क्षेत्र माटोले पुर्ने काम नगर्नु नगराउनु र उक्त कार्यका लागि थुपारिएको माटो यथाशीघ्र हटाउनु र त्यसका लागि चलाइने सबै टिपर र डोजर नियन्त्रणमा लिन व्यवस्था मिलाउनू र सिमसार क्षेत्रको संरक्षण गर्नू भनी विपक्षी नं. १ का नाममा निर्देशनात्मक आदेशहितको परमादेश जारी गरिपाउँ।

- फेवातालको सिमसार क्षेत्र संरक्षण गर्न आवश्यक व्यवस्था मिलाउन विपक्षी नं ३ र ४ का नाममा परमादेशको आदेश जारी गरिपाउँ।
- फेवाताल लगायत पोखरा उपत्यकाका ताल संरक्षण र गण्डकी प्रदेशका अरु ताल समेतको संरक्षण संवर्द्धन गर्ने व्यवस्था मिलाउन र फेवातालको सिमसार क्षेत्र पुर्ने कार्य तत्काल रोक्ने आवश्यक व्यवस्था गर्न विपक्षी नं ३ का नाममा निर्देशनात्मक परमादेश जारी गरी पाउँ।
- फेवातालको सिमसार क्षेत्रमा माटोले पुर्ने, सम्याउने काम भइरहेको र त्यस्तो कार्य गर्न विपक्षी नं. ४ ले अबैधानिक रुपमा अनुमति दिएको र उक्त अनुमतिको गलत प्रयोग हुँदा समेत त्यसलाई रोक्ने तर्फ कुनै काम नगरेकोले उक्त कार्य तत्कालै रोक्न उचित व्यवस्था मिलाउनु, अनुमति बदर गरी त्यसको क्षतिपूर्ति समेत असुल उपर गर्नू र सीसमार क्षेत्रमा टिपर र डोजरबाट माटो लिएर सिमसार पुर्ने कार्य नगर्नु नगराउनु भनी प्रतिषेध मिश्रित परमादेश जारी गरी पाउँ।

साथै रिट निवेदनको अन्तिम टुंगो नलागुन्जेलसम्म फेवातालको सिरानमा टिपरबाट माटो बोकेर सिमसार र रामसार पुर्ने कार्य नगर्नु नगराउनु, उक्त कार्यका लागि प्रयोग भइरहेका टिपर र डोजरहरु तत्कालै नियन्त्रणमा लिनू भनी अन्तरिम आदेश समेत जारी गरिपाऊँ भन्ने समेत व्यहोराको निवेदक मनोज घर्ती मगरको निवेदन मागदावी।

२. <u>यस अदालतबाट जारी भएको कारण देखाउ आदेश</u>

यसमा के कसो भएको हो? निवेदकको निवेदन माग बमोजिमको आदेश किन जारी गर्नु नपर्ने हो ? आदेश जारी गर्नु नपर्ने कुनै कानूनसम्मत आधार र कारण भए खुलाई, आदेश सहितको सूचना प्राप्त भएको मितिले बाटाको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र विपक्षी नं. १ र २ को हकमा मुख्य न्यायाधिवक्ताको कार्यालय, गण्डकी प्रदेश मार्फत र विपक्षी नं. ३ र ४ को हकमा आफैं वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेश गर्नु भनी निवेदन र प्रस्तुत आदेशको प्रतिलिपि समेत साथै राखी म्याद (सूचना) जारी गरी गर्नू ।

साथै निवेदकले माग गरेको अन्तरिम आदेशका सन्दर्भमा हेर्दा, निवेदकले दावी लिएको समग्र विषयमा विपक्षीहरुबाट लिखित जवाफ परेपछि न्यायिक संबोधन हुने गरी तत्कालका लागि विपक्षीहरुका नाउँमा उच्च अदालत नियमावली, २०७३ को नियम ४२ को उपदफा (१) को देहाय (क) तथा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५८ को उपदफा (२) बमोजिम अन्तरिम आदेश जारी गर्न आवश्यक र उपयुक्त

देखिन आएकोले अन्तरिम आदेश जारी गरिएको छ भन्ने यस अदालतको मिति २०८०।०२।१८ को आदेश ।

३. पेश हुन आएका लिखित जवाफहरु

- गण्डकी प्रदेश सभाबाट पारित ताल संरक्षण तथा विकास प्राधिकरण ऐन, २०७५ बमोजिम ताल एवं जलाधार क्षेत्रको संरक्षण गर्ने उद्देश्यका साथ यस प्राधिकरणको स्थापना भएको सर्वविदितै छ। प्राधिकरणले उक्त ऐन र सो अन्तर्गतको नियमावलीले निर्दिष्ट गरे अनुरुपको काम, कर्तव्य एवं अधिकारको सीमा भित्र रही, राज्यले उपलव्ध गराएको सीमित श्रोत र साधनले भ्याएसम्म, प्रदेश क्षेत्रभित्रको, सामाजिक साँस्कृतिक एवं पर्यटकीय महत्वका सबै तालहरुको अध्ययन अनुसन्धान संरक्षणमा प्राधिकरण अहोरात्र खटी आएको छ। फेवाताल क्षेत्रमा प्राकृतिक वा मानवीय कुनैपनि हिसाबले अतिक्रमण हुनुहुँदैन भन्ने कुरामा प्राधिकरण सदैव सचेत छ। सोही पुनित उद्देश्यअनुरुप फेवातालको सौन्दर्यकरण र पूर्वाधार विकासका लागि सरोकारवालाहरुसँगको राय सल्लाह एवं प्राविधिक निर्देशानुसार रकम विनियोजन गर्ने संरक्षणात्मक कार्यहरु गर्ने काम प्राधिकरण गठन भएको प्रारम्भिक बर्ष देखि नै हुँदै आईरहेको छ। दैविक प्रकोप र मानवीय अतिक्रमणबाट फेवाताल प्रभावित भएको हुँदा दुबै तवरले ताल क्षेत्र पुरिने खुम्चिने कार्य नहोस् भन्ने उद्देश्यले आर्थिक बर्ष २०७९/२०८० मा मात्र गाईघाट फिर्के खोला मुखमा फोहोरमैला रोक्ने बाँध निर्माणको लागि माटो परीक्षण गर्ने समेतको कार्य सम्पन्न भएको छ। स्थानिय निकायसँग नियमित सम्पर्क समन्वय गरी मानवीय अतिक्रमण रोक्न र उत्खनन रोक्न संभव प्रयत्नहरु गरिएको परिप्रेक्षयमा प्रस्तुत रिट निवेदन निरर्थक हुँदा खारेज गरी पाउँ भन्ने ब्यहोराको विपक्षी ताल संरक्षण तथा विकास प्राधिकरण, गण्डकी प्रदेश पोखराको लिखित जवाफ।
- प्रस्तुत निवेदकको निवेदन माग वातावरण र जैविक विविधता संरक्षण रहेको देखिन्छ। सोही उद्देश्य परिपूर्तिका साथै संविधान तथा कानूनले प्रदान गरेको अधिकार तथा उपलब्ध स्रोत साधनहरुको समुचित प्रयोग गर्दै वातावरण संरक्षण गर्ने कार्यमा यस मन्त्रालय दत्तचित्त भएर लागेको छ। यस मन्त्रालय र पोखरा महानगरपालिकाको लागत साझेदारीमा फेवातालमा बगेर आउने खोलाहरुमा सिल्टेसन ड्याम निर्माण तथा मातहतका निकायबाट फुटट्रयाक, रिटेलिङ्गवाल, फेवाताल किनारमा पदमार्ग निर्माण जस्ता कार्यहरु विभिन्न समयमा गरिरहेको र वातावरण तथा जैविक विविधता संरक्षण सम्बन्धमा यस मन्त्रालय पूर्ण जिम्मेवारीका साथ क्रियाशील रहेको हुनाले प्रस्तुत रिट निवेदन जारी हुने अवस्था छैन। यस सम्बन्धमा तहाँ अदालतबाट मिति २०८०।०२।१८ मा भएको आदेशको खण्ड (घ) मा आदेश भए बमोजिमको अनुगमन समिति गठन गरिएको र सो समितिले आफ्नो कार्य आरम्भ गरी प्रारम्भिक प्रतिवेदन समेत पेश गरेको

व्यहोरा अनुरोध गर्दछु। यस विषयमा सम्मानित सर्वोच्च अदालतबाट समेत न्यायिक सक्रियताका आधारमा यस अघि ताल संरक्षणका लागि भएको आदेश निर्देशन एवं फैसला समेतलाई पालना गरिरहेको र आगामी दिनमा पनि गरिरहन प्रतिवद्ध रहेकाले प्रस्तुत रिट निवेदन खारेजभागी छ, खारेज गरी पाउँ भन्ने व्यहोराको विपक्षी गण्डकी प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, पोखरा तथा ऐ. मन्त्रालयका मन्त्री दिपेन्द्रबहादुर थापाको लिखित जवाफ।

- पोखरा महानगरपालिका कुनै पनि प्राकृतिक सम्पदाको प्राकृतिक स्वरुप विगार्न र परिवर्तन गर्न नदिई प्राकृतिक, धार्मिक, सांस्कृतिक महत्व रहेको फेवाताल, यसको जलाधार क्षेत्र र सिमसार क्षेत्र संरक्षण हुनुपर्दछ भन्ने मान्यतामा काम गरिरहेको हुँदा कुनै न कुनै रुपबाट अतिक्रमण गर्न खोज्ने व्यक्तिहरुलाई प्रोत्साहन हुने गरी प्रचारप्रसार गर्ने, कसैलाई हुँदै नभएका झुट्टा व्यहोरा प्रचारमा ल्याई काम गर्न अबरोध गर्ने कार्य निरुत्साहित पारी व्यक्ति, संस्था, मिडिया लगायत सबै पक्षको सहकार्यमा संरक्षणको कार्य गर्न तत्पर रहेको र तत्काल कतिपय काम गर्न ठूलो लगानी गर्नु पर्ने, मुआव्जा दिनु पर्ने जस्ता कानूनी समस्या हुन सक्ने समेत तर्फ लिखित जवाफमा उठाईएका अप्ठयाराको सम्बन्धमा आबश्यक निर्देशनात्मक आदेश प्राप्त भएमा दुविधा रहेको बिषयको निराकरण भई काम गर्न सहज हुने, शक्ति र अधिकारको दुरुपयोग गर्ने जो कोही पनि निरुत्साहित हुने हुँदा रिट निवेदकले उल्लेख गरे बमोजिम पोखरा महानगरपालिकाबाट संरक्षणमा कुनै बेवास्ता नभएको परिवेश र सिमसार क्षेत्र पुर्नको निमित्त कुनै अनुमति नदिइएको अवस्थामा गैर कानूनी तवरबाट लुकीछिपी सिमसार पुरेको र घडेरी बनाउने उद्धेश्यले डि.पि.सी. लगाउने कार्य गरेकोमा नेपाल प्रहरी, सशस्त्र प्रहरी वल समेतको सहयोगमा भत्काउने कार्य गरिसकिएको हुँदा कसैसँग मिलेमतो नगरी फेवाताल र यसको जलाधार क्षेत्र र सिमसार क्षेत्र संरक्षणमा पोखरा महानगरपालिका क्रियाशील रहेको हुँदा ब्राधा र अप्ठ्यारा फुकाउन आवश्यक निर्देशन जारी गरी महानगरपालिकाले फेवाताल संरक्षणमा काम गरेन भन्ने सम्मको व्यहोराको हकमा रिट निवेदन खारेज गरी पाउँ भन्ने व्यहोराको विपक्षी पोखरा महानगरपालिकाको कार्यालय तथा ऐ. कार्यालयका प्रमुख धनराज आचार्यको लिखित जवाफ।
- सम्मानित अदालतको आदेश अनुसार प्रदेश वातावरण तथा जलवायु परिवर्तन व्यवस्थापन परिषद् गठन भई सकेको र ताल संरक्षण तथा प्राधिकरण ऐन, २०७५ को दफा १९ मा प्रदेश सरकारले ताल संरक्षण प्राधिकरणलाई आवश्यक निर्देशन दिने व्यवस्था भए अनुरुप उक्त प्राधिकरणलाई फेवाताल लगायत अन्य ताल संरक्षण र आफ्नो कार्यजिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्न समय समयमा

निर्देशन दिने गरिएको हुँदा बिना आधार र प्रमाण निवेदकले यस कार्यालय समेतलाई विपक्षी बनाई दायर भएको रिट निवेदन खारेज भागी छ, खारेज गरी पाउँ भन्ने व्यहोराको विपक्षी गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पोखराको लिखित जवाफ।

४. यस अदालतबाट भएका आदेशहरु

- फेवातालको संरक्षण सन्दर्भमा नेपाल सरकारद्वारा गठित पुण्यप्रसाद पौडेलको आयोगले पेश गरेको प्रतिवेदन र जिल्ला स्तरीय समितिबाट गठित विश्वप्रकाश लामिछानेको अध्यक्षतामा बनेको समितिले मिति २०६९।०२।०३ मा पेश गरेको प्रतिवेदन पोखरा महानगरपालिकाबाट झिकाउनु भन्ने व्यहोराको मिति २०८०।०४।३० को आदेश।
- पोखरा महानगरपालिका कार्यपालिकाको च.नं. ५१२८, मिति २०७९।११।०२ को पत्रबाट देवेन्द्र के.सी.लाई दिएको अनुमति सहितको कारबाही सम्बन्धी सक्कल कागजात संलग्न फाईल महानगरपालिकाको कार्यालयबाट झिकाउनु साथै पोखरा महानगरपालिका कार्यपालिकाको च.नं. ५१२८, मिति २०७९।११।०२ को पत्रमा उल्लेखित पोखरा महानगरपालिका वडा नं. २४ कास्कीकोट स्थित कित्ता नं. १२७१ र १२७२ को जग्गाको फिल्डबुक उतार तथा उक्त कित्ता नं.को जग्गाको सर्भे नक्सा नापी कार्यालय कास्कीबाट झिकाउनु भन्ने व्यहोराको मिति २०८०।०७।१४ को आदेश।

आदेश खण्ड

५. नियम बमोजिम पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनको सुनुवाइका सिलसिलामा देहाय बमोजिमको वहस जिकीर प्रस्तुत भएको थियोः

| | |
|---|---|
| निवेदक पक्षबाट विद्वान वरिष्ठ अधिवक्ता श्री हरिप्रसाद सुवेदी, विद्वान अधिवक्ता श्री विष्णुप्रसाद शर्मा र निवेदक अधिवक्ता श्री मनोज घर्ती मगर | फेवाताल जस्तो राष्ट्रिय अन्तर्राष्ट्रिय महत्वको सम्पदा माथि खेलबाड हुने गरी कार्य भैरहेको छ, सर्वोच्च अदालतबाट जारी भएका आदेशहरुको समेत कार्यान्वयन भएको छैन, फेवातालको जलाधार क्षेत्र र सोसँग जोडिएको सिमसार क्षेत्र नै खल्बलिने गरी डोजर चलाउने कार्यलाई सम्बन्धित निकायहरुले रोक्न सकेको पाइदैन, ताल क्षेत्रको संरक्षणका लागि विभिन्न संयन्त्रहरु बने पनि ती संयन्त्रहरुबाट जिम्मेवारीवोध नगरिएको कारणबाट फेवाताल क्षेत्रमा निरन्तर रुपमा अतिक्रमण हुँदै आएको छ, तसर्थ विपक्षीहरुलाई जिम्मेवारीवोध गराउनका लागि समेत निर्देशनात्मक आदेश जारी गरिनु पर्ने भएकाले निवेदन माग बमोजिमको आदेश जारी हुनु पर्दछ। |

| | |
|---|---|
| विपक्षी मध्येको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतका तर्फबाट विद्वान सहायक न्यायाधिवक्ता श्री वसन्त अर्याल | फेवाताल क्षेत्रको संरक्षण समेतका लागि मुख्यमन्त्रीको अध्यक्षतामा परिषद् गठन गरिएको छ, सोही प्रयोजनका लागि प्राविधिक समिति समेत गठन गरिएको छ, सर्वोच्च अदालतबाट जारी भएको आदेश कार्यान्वयनका लागि विशेष समिति नै बनाएर क्रियाशील भएको अवस्था हुँदा निवेदन माग बमोजिमको आदेश जारी हुनु पर्ने अवस्था छैन, रिट निवेदन खारेज हुने गरी न्याय निरुपण गरिनु पर्दछ। |
| विपक्षी मध्येको ताल संरक्षण विकास प्राधिकरणका तर्फबाट विद्वान अधिवक्ता श्री रोहितराज बास्तोला | निवेदनमा उल्लेख भएको डोजर चलाउने कार्य हाल रोकिई सकेको छ, आयन्दा त्यस्तो कार्य हुन नदिन प्राधिकरणका तर्फबाट समेत निरन्तर निगरानी र अनुगमनको व्यवस्था मिलाइने र निवेदन दावीका अन्य विषयहरु नीतिगत विषय भएकाले त्यस्ता विषयमा आदेश जारी गरिनु उपयुक्त नहुने हुँदा निवेदन खारेज हुनु पर्दछ भनी वहस गर्नु भयो। |
| विपक्षी पोखरा महानगरपालिका समेतका तर्फबाट विद्वान अधिवक्ता श्री सुकदेव गौतम | देवेन्द्र के.सी. भन्ने व्यक्तिले अन्यत्रका लागि भनी अनुमति लिएर सो अनुमतिको दुरुपयोग गरेको पाइएकाले निजलाई तत्कालै डोजर चलाउने कार्यमा रोक लगाई सकिएको छ, सर्वोच्च अदालतबाट जारी भएको आदेश कार्यान्वयनका लागि विभिन्न निकायहरुसँग समन्वय गरिएको हुँदा पोखरा महानगरपालिका स्वयं नै फेवाताल क्षेत्रको संरक्षणका लागि संवेदनशील रहेकाले महानगरपालिकाका हकमा रिट निवेदन खारेज गरिनु पर्दछ। |

६. आज निर्णय सुनाउने तारिख तोकी पेश भएको प्रस्तुत रिट निवेदनमा दुबै पक्षबाट वहसका क्रममा प्रस्तुत गरिएका वहस बुँदाका साथै रिट निवेदन व्यहोरा, विपक्षीहरुबाट पेश हुन आएका लिखित जवाफहरु, आदेश बमोजिम प्राप्त हुन आएका मिसिल संलग्न रहेका कागजातहरु समेत अध्ययन गरी हेर्दा प्रस्तुत रिट निवेदनमा मूलतः देहायको विषयमा विवेचना गरी न्याय निरुपण गरिनु पर्ने भएको छः

- **फेवाताल क्षेत्रको संरक्षणका लागि तर्जुमा भएका कानून र सर्वोच्च अदालतबाट जारी भएको आदेश कार्यान्वयनका सम्बन्धमा सम्बद्ध संस्थाहरुको क्रियाशिलता र त्यसको प्रभावकारिता देखिन्छ या देखिँदैन?**
- **यदि देखिँदैन भने फेवाताल र सोसँग सम्बन्धित प्राकृतिक जैविक सम्पदाको संरक्षण गरी दिगो विकासको अवधारणा अनुरुप यसको संरक्षण गर्न के कस्ता कार्यहरु गरिनु आवश्यक हुन्छ?**
- **निवेदन माग दावी बमोजिम आदेश जारी हुनु पर्ने अवस्थाको विद्यमानता छ या छैन ?**

७. निर्णय तर्फ विचार गर्दा, निवेदकले मूलतः फेवाताल क्षेत्र र सोसँग जोडिएको सिमसार क्षेत्रको अतिक्रमण हुँदै आएको र जिम्मेवार निकायहरु अकर्मण्य देखिएकाले संविधान र

कानून अनुरुप गठित संस्थाहरुलाई आफ्नो जिम्मेवारी कुशलतापूर्वक वहन गराउन निर्देशनात्मक आदेश सहितको परमादेश समेत जारी गरी पाउन माग गरेको देखिन्छ। विपक्षी बनाइएका गण्डकी प्रदेशस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, ताल संरक्षण तथा विकास प्राधिकरण र पोखरा महानगरपालिकाका तर्फबाट फिराइएको लिखित जवाफमा सबै निकायले जिम्मेवारीबोध गरेको, फेवातालको संरक्षणका लागि नीतिगत तथा कानूनी प्रबन्धका साथै विभिन्न विषयगत समिति समेत बनाई निरन्तर रुपमा कार्यक्रमहरु सञ्चालन गर्दै आएको र सीमित स्रोत साधनको कारणबाट कतिपय कार्यहरु सम्पन्न गर्न कठिनाई भएको भए पनि अदालतबाट भएका आदेशहरुको कार्यान्वयनका लागि प्रयत्नशील रहेको हुँदा रिट जारी गरिनु पर्ने अवस्था विद्यमान नरहेकाले आफ्नो हकमा निवेदन खारेज हुनु पर्ने जिकिर लिइएको देखिन्छ।

८. उल्लिखित सन्दर्भमा अब प्रस्तुत रिट निवेदनमा विवेचना गरिनु पर्ने भनी माथि निर्धारण गरिएको पहिलो विषय **फेवाताल क्षेत्रको संरक्षणका लागि तर्जुमा भएका कानून र सर्वोच्च अदालतबाट जारी भएको आदेश कार्यान्वयनका सम्बन्धमा सम्बद्ध संस्थाहरुको क्रियाशिलता र त्यसको प्रभावकारिताको अवस्था** सम्बन्धमा विचार गरौं। सो सम्बन्धमा प्रथमतः वातावरणीय संरक्षण सम्बन्धी संवैधानिक तथा कानूनी प्रबन्धहरुको उल्लेखन सान्दर्भिक हुने देखिन्छ। नेपालको संविधानमा मौलिक हक अन्तर्गत धारा ३० मा स्वच्छ वातावरणको हक सुनिश्चित गरिएको छ। जस अनुसार प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुने, वातावरणीय प्रदुषण वा ह्रासबाट हुने क्षतिवापत पीडितलाई प्रदुषकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने देखिन्छ। त्यसैगरी धारा ५१ मा राज्यका नीतिहरु अन्तर्गत खण्ड (छ) मा प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्द्धन र उपयोग सम्बन्धी नीतिको व्यवस्था गरिएको र त्यसमध्ये देहाय (१) मा राष्ट्रिय हितअनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, संवर्द्धन र वातावरण अनुकूल दिगो रूपमा उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिँदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने नीतिलाई समावेश गरिएको छ। साथै सोही धारा ५१ को खण्ड (छ) को देहाय (५) मा जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक एवं भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्द्धन र दिगो उपयोग गर्ने नीतिलाई समावेश गरिएको पाइन्छ। संविधानको अनुसूची- ९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची अन्तर्गत क्र.सं. ७ मा वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधतालाई समावेश गरिएको छ।

९. वातावरण संरक्षण ऐन, २०७६ लाई हेर्दा त्यसले राष्ट्रिय सम्पदाको संरक्षण तथा वातावरण संरक्षण क्षेत्र सम्बन्धी विशेष व्यवस्था गरेको पाइन्छ। ऐनको दफा २९ मा राष्ट्रिय सम्पदाको संरक्षण गर्नु सबैको कर्तव्य हुने भनिएको छ। राष्ट्रिय सम्पदाको संरक्षण गर्ने प्रयोजनका लागि सरोकारवाला निकायले अभिलेख तयार गरी राख्नु पर्ने, सो अभिलेखमा नेपालभित्रका विश्व सम्पदा सूचीमा परेका वस्तु वा स्थलहरु समेत समावेश गर्नु पर्ने र त्यसरी समावेश भएका वस्तु, स्थल, वनस्पती, जीवजन्तु, वातावरणीय अवस्था आदिको संरक्षण तोकिए बमोजिम गरिने व्यवस्था समेत उक्त दफा २९ मा गरिएको छ।

१०.वातावरण संरक्षण नियमावली, २०७७ को नियम ३४ मा नेपाल सरकारले संरक्षण क्षेत्रभित्र प्राकृतिक सम्पदालाई विगार्न, नास्न, भत्काउन, हटाउन, छेक्न वा अरु कुनै किसिमले हानी नोक्सानी पुर्याउन, होटल, लज, सार्वजनिक यातायात, स्वास्थ्य चौकी, विद्यालय, कुटी वा अन्य यस्तै किसिमका सेवा सञ्चालन गर्न र जैविक विविधतालाई प्रतिकूल असर पार्ने किसिमका कुनै कार्य गर्न रोक लगाउन सक्ने गरी अधिकार प्रदान गरिएको पाइन्छ।

११.प्रदेश स्तरमा गरिएका कानूनी व्यवस्थालाई हेर्दा स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने प्रत्येक नागरिकको मौलिक अधिकारको संरक्षण गर्ने, वातावरणीय प्रदुषण वा ह्रासबाट हुने क्षति वापत पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउने, वातावरण र विकासबिच समुचित सन्तुलन कायम गर्ने, प्रकृति, वातावरण र जैविक विविधतामा पर्ने प्रतिकूल प्रभाव न्यूनीकरण गर्न जलवायु परिवर्तनको चुनौतिलाई सामना गर्ने उद्देश्यका साथ **गण्डकी प्रदेश वातावरण संरक्षण ऐन, २०७६** जारी भएको देखिन्छ। त्यसैगरी यस क्षेत्रका तालहरुको संरक्षण गर्ने वृहत्तर लक्ष्यका साथ **गण्डकी प्रदेश ताल संरक्षण तथा विकास प्राधिकरण ऐन, २०७५** समेत जारी गरिएको पाइन्छ। उक्त ऐनले मूलतः गण्डकी प्रदेशका ताल तथा तालको जलाधार क्षेत्रको संरक्षण तथा दिगो उपयोग गरी जैविक विविधताको संरक्षण, वातावरणीय सेवा, पर्या-पर्यटन प्रबर्द्धन तथा स्थानीय जनताको जीविकोपार्जनमा योगदान पुर्याउनका लागि अधिकार सम्पन्न ताल संरक्षण तथा विकास प्राधिकरणको स्थापना गर्ने उद्देश्य ग्रहण गरेको छ।

१२.स्थानीय तहबाट वातावरण संरक्षणमा हुने स्थानीय तहको भूमिकालाई **स्थानीय सरकार सञ्चालन ऐन,** २०७४ ले समेत ईंगित गरेको पाइन्छ। उक्त ऐनको दफा ११ मा स्थानीय तहको अधिकार अन्तर्गत उपदफा (२) को खण्ड (ञ) मा वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यान्वयन, अनुगमन र नियमन गर्ने विषय समेटिएको छ। त्यसैगरी सोही दफा उपदफा अन्तर्गत खण्ड (प) मा जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन, पानी मुहानको संरक्षण, सामुदायिक भूसंरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रम,

भूसंरक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकूलन जस्ता विषयहरुलाई समावेश गरिएको छ। यसै सन्दर्भमा स्थानीय तहबाट समेत कानून निर्माण गरी वातावरणीय संरक्षणको विषयलाई सम्बोधन गर्ने प्रयत्न भएको देखिन्छ। रामसार सूचीमा सूचिकृत फेवाताल लगायतका तालहरु समेत अवस्थित पोखरा महानगरपालिकाबाट **पोखरा महानगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७** तर्जुमा गरिएको (स्थानीय राजपत्र, बर्ष-४, पोखरा, खण्ड-५०, प्रमाणित मिति-२०७७।१०।२४) पाइन्छ। उक्त ऐनले स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने नागरिकको मौलिक अधिकारको संरक्षण गर्ने, प्राकृतिक स्रोतको समुचित उपयोग एवं दिगो व्यवस्थापन गर्ने, वातावरण र विकासबिच सन्तुलन कायम गर्ने तथा प्राकृतिक स्रोत, वातावरण र जैविक विविधताको संरक्षण गर्ने उद्देश्य राखी तदनुरुपको कानूनी प्रबन्ध गरेको देखिन्छ। यो ऐनको परिभाषा खण्डमा गरिएको सम्पदा र सिमसार शब्दको परिभाषाले पनि प्राकृतिक सम्पदाको महत्तालाई उजागर गर्दछ। जस अनुसार **"सम्पदा"** भन्नाले महानगरपालिका क्षेत्र भित्र रहेका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक, वैज्ञानिक, आध्यात्मिक, सौन्दर्यपरक वा सामाजिक दृष्टिबाट महत्वपूर्ण मानिने कुनै पनि वस्तु, भौतिक संरचना स्थान, वनस्पति तथा जीव जन्तु सम्झनु पर्छ। त्यसैगरी **"सिमसार"** भन्नाले भूमिगत जलस्रोत वा वर्षातका कारण पानीको परिणाम रहने वा प्राकृतिक वा मानव निर्मित, स्थायी वा अस्थायी जमेका वा बगेका, स्वच्छ वा नुनिलो पानी भएको धापिलो जमिन (Swamp), दलदले जमिन (Marsh), नदीबाट प्रभावित जमिन (Reverine floodplain), ताल (Lake), पोखरी (Pound), जलभण्डार क्षेत्र (Water storage areas) र यहि प्रकृतिका कृषि जमिन (Agriculture land) समेतलाई सम्झनु पर्छ। ऐनमा सिमसार संरक्षणका लागि महत्वपूर्ण व्यवस्थाहरु समेत गरिएको पाइन्छ। त्यसैगरी महानगरपालिका क्षेत्रभित्र रहेका जलाधारको संरक्षण गर्नु महानगरपालिका स्वयं र नागरिक तथा सम्बन्धित निकाय समेतको कर्तव्य समेत तोकिएको छ।

१३. यस सम्बन्धी नीतिगत प्रबन्धलाई हेर्दा **राष्ट्रिय सिमसार नीति, २०६९** तर्जुमा गरिएको पाइन्छ। उक्त नीतिले उक्त नीतिले सिमसार क्षेत्रको संरक्षण, पुनर्स्थापना र प्रभावकारी व्यवस्थापन गरी जैविक विविधता र वातावरण संरक्षण गर्ने, सिमसारजन्य स्रोतहरुको दिगो तथा बुद्धिमत्तापूर्ण उपयोग गरी त्यस्ता स्रोतमा आश्रित समुदायको समृद्धिमा टेवा पुर्याउने र सिमसार क्षेत्र व्यवस्थापनमा सुशासन कायम गर्दै सरोकारवालाहरुको ज्ञान र क्षमता अभिवृद्धि गर्ने उद्देश्य ग्रहण गरेको पाइन्छ। त्यसैगरी सिमसार नीतिले सिमसारको वर्गीकरण समेत गरेको छ। जस अनुसार फेवाताल लगायतका पोखराका ताल समूहमा पर्ने सबै तालहरु (बेगनासताल, रुपाताल, मैदी ताल, दिपाङ ताल, खास्टे ताल, कमलपोखरी, न्युरिनी ताल र गुदें ताल) अन्तर्राष्ट्रिय सिमसार (सन् २०१६ मा रामसार सूचीमा सूचिकृत भएकाले) अन्तर्गत पर्ने देखिन्छ।

१४.यसैगरी नेपाल सरकारले फेवातालको चारकिल्ला, सीमाना र क्षेत्रफल कायम गर्ने गरी स्वीकृत गरी मिति २०७७।११।१७ मा नेपाल राजपत्रमा सूचना प्रकाशन (नेपाल राजपत्र, भाग- ५, खण्ड- ७०, संख्या- ४४) गरेको देखिन्छ। जस अनुसार चारकिल्लामा पूर्वमा ड्यामसाइड, पश्चिममा मोरेबगर, उत्तरमा खपौंदी चङ्खपुरबिचको दम्किलो र दक्षिणमा चिसापानी रानिवन तोकिएको छ। फेवातालको सीमाना भनी फेवातालको तल्लो तटीय क्षेत्र (ड्यामसाइड, रानीवन, गौरीघाट, लेकसाइड, गैराको चौतारा, सेदी, खपौंदी, लामिडाँडा, अनदु समेतको क्षेत्र) तर्फ वर्षायामको अधिकतम पानीको किनारा र फेवातालको मुहानतर्फ मोरेबगरको माछापोखरीबाट उत्तरपूर्वतर्फ हर्पन खोला पार गरी भकुण्डे खोलाको अन्तिम घुम्ति नजिक हुँदै माझथुम ढिस्कोको दक्षिणी भागलाई छोोई पूर्वतर्फ रहेको दलदले ढाप क्षेत्रलाई समेटी पामे घाँटिछिना मोटरबाटो सम्मलाई तोकिएको देखिन्छ भने क्षेत्रफल ५.७२६ वर्ग किलोमिटर (११,२५५ रोपनी ११ आना १ पैसा) भनिएको छ।

१५.यस सम्बन्धमा रहेको न्यायिक दृष्टिकोणलाई हेर्ने हो भने समग्र वातावरणीय संरक्षणका साथै फेवाताल संरक्षणको विषयमा पनि न्यायपालिकाले पटक पटक निर्देशित गर्दै आएको पाइन्छ। सर्वोच्च अदालतबाट यस सम्बन्धमा वृहत रुपमा मार्गदर्शन गरिएको यथार्थतालाई रिट निवेदनमा समेत उल्लेख गरिएको छ। विपक्षी निकायहरुले समेत सर्वोच्च अदालतबाट भएको मार्गदर्शन अनुरुप आफूहरु क्रियाशील रहँदै आएको भनी जिकिर लिएको अवस्था छ। उल्लिखित सन्दर्भमा सर्वोच्च अदालतबाट फेवाताल क्षेत्रको समग्र विकास र संरक्षणका लागि असाधारण अधिकारक्षेत्र अन्तर्गत जारी गरिएको आदेशमा समेटिएका विषयहरु अत्यन्त महत्वपूर्ण रहेकाले यहाँ उल्लेख गर्नु वाञ्छनीय नै हुने देखिन्छ। सर्वोच्च अदालतबाट अधिवक्ता खगेन्द्र सुवेदी समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत भएको उत्प्रेषण समेतको रिट निवेदन (नेकाप २०७५, अङ्क ९, निर्णय नं. १००८६) मा देहायका विषयहरु समेटेर आदेश जारी भएको देखिन्छ:

- आदेश प्राप्त भएको मितिले ६ महिनाभित्र फेवातालको चार किल्ला कायम गर्ने गराउने,
- साबिकमा फेवाताल पुरिएर बनेको जमिन मध्ये व्यक्तिको नाममा दर्ता भएको भए त्यस्तो दर्ता बदर गरी तालको नाममा दर्ता गर्ने गराउने,
- तालको किनारा (Bank of Lake) बाट ६५ मिटरसम्मको भू-भागमा अनधिकृत रूपबाट निर्माण भएका स्थायी वा अस्थायी संरचनाहरू ६ महिनाभित्रै हटाउने व्यवस्था गर्ने गराउने,
- फेवातालको आसपासमा रहेको व्यक्तिगत जग्गासमेत आवश्यकताअनुसार अधिग्रहण गरी तालको दीर्घकालीन संरक्षण गर्ने गराउने,
- फेवाताललाई संरक्षित जलाधार क्षेत्र घोषित गर्ने गराउने,

- फेवाताल क्षेत्रलाई वातावरण संरक्षण क्षेत्र कायम गर्ने गराउने,
- फेवातालको जलको स्रोतको रुपमा रहेको हर्पनलगायतका खोलाहरूले पानी सँगसँगै बगाएर ल्याउने माटो, बालुवा, ढुङ्गा, झारपातहरू नियन्त्रण गर्न Check Dam निर्माण गरी पानी मात्र तालभित्र पस्ने व्यवस्था गर्ने र पोखरा सहरबाट विसर्जित फोहर र ढल फेवातालभित्र पस्न नदिने,
- ताल वरिपरिका जमिनमा कृषि कार्य गर्दा रसायनिक मल एवं विषादिको प्रयोगमा अविलम्ब प्रतिबन्ध लगाउने र सो सम्बन्धमा सचेतना फैलाउने,
- फेवातालको जलकुम्भी नियन्त्रण सम्बन्धमा आवश्यक कार्य गर्ने गराउने,
- फेवाताल संरक्षणको लागि विभिन्न समयमा भएका अध्ययन प्रतिवेदनमा दिइएका सुझावहरूको कार्यान्वयन गर्ने गराउने।

त्यसैगरी, अधिवक्ता खगेन्द्र सुवेदी समेत वि. पोखरा महानगरपालिका समेत भएको उत्प्रेषणयुक्त परमादेशको रिट निवेदन (०७८-WO-१३५८, आदेश मिति: २०८०/०३/०४) मा पूर्व आदेश समेतलाई आधार बनाएर ताल किनाराबाट ६५ मिटरको मध्यवर्ती क्षेत्र कायम गरी सो क्षेत्रमा रहेका भौतिक संरचनाहरु हटाउने, मध्यवर्ती क्षेत्रमा हरियाली कायम गर्ने र संरक्षित जलाधारका रुपमा मानिएको फेवातालको जलाधार क्षेत्रको संरक्षण गर्ने लगायतको आदेश जारी भएको देखिन्छ।

१६.उल्लिखित संवैधानिक, कानूनी र संस्थागत व्यवस्था तथा न्यायिक मार्गदर्शनको आलोकमा अब सम्बन्धित निकायहरुबाट निर्वाह भएको भूमिकालाई नियाल्ने प्रयत्न गरौं। संविधान तथा कानूनले प्राकृतिक स्रोत साधनको उपयोगलाई बन्देज लगाएको छैन, तर त्यसको उपयोग गर्दा दिगो उपयोगको नीति अवलम्वन गरिनु पर्ने, ताकि भावी पुस्तालाई यथावत् रुपमा सुम्पन पाइयोस् भन्ने मान्यतालाई अंगालेको पाइन्छ। त्यसैले प्राकृतिक सम्पदाको दोहन होइन, त्यसको उचित प्रयोगका लागि विभिन्न सावधानीका उपायहरू अवलम्वनमा राज्य संयन्त्र र सरोकारवाला सबैको कर्तव्य रहने गरी व्यवस्था गरिएको पाइन्छ। संवैधानिक तथा कानूनी दायित्व, अन्तर्राष्ट्रिय रुपमा व्यक्त गरिएका प्रतिबद्धता र न्यायिक मार्गदर्शन समेतलाई आत्मसात् गर्दै मिति २०७७।११।१७ मा फेवाताल क्षेत्रको सीमा निर्धारणसम्म गरिएको पाइन्छ। तर निर्धारित सीमा अनुसार फेवातालको क्षेत्र कायम गराउने गरी त्यसभित्रका अनधिकृत संरचनाहरु हटाउने तर्फको क्रियाशीलता देखिँदैन। विपक्षी निकायहरुले लिखित जवाफ पेश गर्दा संवेदनशीलता प्रदर्शन गरेको पाइए पनि फेवाताल जस्ता अन्तर्राष्ट्रिय महत्व राख्ने प्राकृतिक सम्पदाको संरक्षणको विषय अभिव्यक्तिमा सीमित रहने संवेदनशीलता अर्थहीन मानिन्छ।

१७.तालको निर्धारित सीमा क्षेत्रमा मात्र होइन, यसको सिंगो जलाधार क्षेत्रमा हुने विकास निर्माणका कार्यहरु र त्यस क्षेत्रमा बसोवास गर्ने जनताले उपयोग गर्ने आफ्नो साम्पत्तिक अधिकारमा समेत निगरानी राख्नु पर्ने अवस्था उत्पन्न हुन सक्छ। जलाधार क्षेत्रमा हुने

गतिविधिले अन्ततोगत्वा तालको जल सतह, जलको शुद्धता, ताल क्षेत्रमा थुप्रिन जाने ढुंगा माटो र फोहरमैलाले काललाई नै हानी पुर्याउने कुरामा विवाद हुन सकदैन। यो संवेदनशीलतालाई बुझेर तालको जलाधार क्षेत्रमा हुने प्रत्येक गतिविधि (घर लगायतका भौतिक संरचना निर्माण, कृषि कर्म अर्थात् खेती, रुख बिरुवाको कटान आदि) को निगरानी अपरिहार्य भएको हो। ताल संरक्षणका प्रयासहरुलाई तालको निर्धारित सीमानामा मात्र सीमित राखे हो भने संरक्षणको उद्देश्य प्राप्ति हुन सक्दैन। संविधान प्रदत्त सम्पत्तिको हकमा कानूनको अधीनमा रहेर मात्र सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, व्यवसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुने गरी गरिएको व्यवस्थाले नै कानून बनाएर व्यवस्थित गर्न सकिने कुरालाई सुनिश्चित गरेको मान्नु पर्ने हुन्छ। त्यसैगरी राज्यभित्रको सम्पत्तिको अन्तिम स्वामी राज्यलाई मानिने प्रवराधिकारको सिद्धान्त (Principle of Eminent Domain) ले पनि सार्वजनिक प्रयोगका लागि निजी सम्पत्तिमा राज्यले शर्तहरु तोक्न सक्ने कुरालाई स्वीकार गर्दछ ।

१८.फेवाताल क्षेत्रको संरक्षणका लागि सर्वोच्च अदालतबाट विस्तृत खाका सहितको मार्गदर्शन भएको ६ बर्षको अबधि व्यतित भैसकेको छ, प्रदेशस्तरबाट ताल संरक्षण तथा विकास प्राधिकरण स्थापना गर्ने कानून बनेको पनि पाँच बर्ष पुरा भैसकेको छ। पोखरा महानगरपालिकाले वातावरण संरक्षण ऐन तर्जुमा गरेको समेत ३ बर्ष भन्दा बढी अवधि भैसकेको छ। तर सर्वोच्च अदालतबाट समयसीमा तोकेर निर्देश गरिएका कार्यहरु भए गरेको भनी विपक्षीहरुबाट जिकिर लिन सकेको पाइदैन। ताल क्षेत्रकै संरक्षणका लागि बनेको अधिकार सम्पन्न प्राधिकरणको काम कारवाहीलाई हेर्ने हो भने सीमित स्रोत साधनका बाबजुद प्रदेश क्षेत्रभित्रको सामाजिक साँस्कृतिक र पर्यटकीय महत्वका तालहरुको अध्ययन, अनुसन्धान र संरक्षणमा अहोरात्र खटिरहेको भन्ने जस्ता अमूर्त र अस्पष्ट क्रियाकलापहरु देखाएर कर्तव्य पालना गरेको भनी देखाउन खोजेको पाइन्छ।

१९.राष्ट्रिय ताल संरक्षण विकास समिति (गठन) आदेश, २०६३ जारी गरी गठन गरिएको राष्ट्रिय ताल विकास संरक्षण समितिले तालको धार्मिक तथा सांस्कृतिक महत्वको पहिचान गरी त्यसको प्रचार प्रसार गर्ने आफ्नो घोषित उद्देश्य अनुरुप के कस्ता कार्यहरु भए ? ताल क्षेत्रमा हुने प्रदुषण नियन्त्रणको कार्यमा के कति प्रगति हासिल भयो ? ताल क्षेत्र र त्यसको आसपासमा गरिने विकास निर्माण तथा अन्य क्रियाकलाप सम्बन्धी मापदण्ड तयार भयो वा भएन ? भएको भए सो अनुसार भए नभएको सम्बन्धमा नियमित निरीक्षण, अनुगमन तथा समन्वय गरियो गरिएन ? गरेको भए त्यसबाट के कस्ता उपलब्धिहरु हासिल भए ? भन्ने जस्ता प्रश्नहरु अनुत्तरित नै छन्।

२०.त्यसैगरी गण्डकी प्रदेश ताल संरक्षण तथा विकास प्राधिकरणले आफ्नो प्रदेशभित्र अवस्थित स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वका ताल क्षेत्रहरूको पहिचान गर्ने, तिनीहरुको पर्यावरणीय, सामाजिक, सांस्कृतिक, आर्थिक तथा पर्यटकीय महत्वका बारेमा अध्ययन गर्ने र ताल तथा तालको जलाधार क्षेत्रको संरक्षण गरी जैविक विविधता र

वातावरण संरक्षणको उद्देश्य हासिल गर्न सकियो कि सकिएन? त्यसमा भएका अतिक्रमण हटाउन के कति सफलता हासिल भयो? तालजन्य स्रोतहरूको दिगो उपयोग गरी त्यस्ता स्रोतमा आश्रित समुदायको समृद्धिमा टेवा पुर्याउन सकियो कि सकिएन? यसमा सरोकारवालाहरूको ज्ञान र क्षमता अभिवृद्धि गर्न सकियो कि सकिएन? तालमा आश्रित रैथाने जीवजन्तु तथा वनस्पतीहरूको संरक्षण गर्न के कस्ता कार्यक्रमहरु बने र बनेका कार्यक्रमहरुको कार्यान्वयनको स्थिति के कस्तो रह्यो? तालको जलाधार क्षेत्रमा सञ्चालन भइरहेका विकास निर्माणका कार्यहरूको अनुगमन गर्न सकियो कि सकिएन? तालको पानीको गुणस्तर कायम गर्ने तर्फ के कस्ता प्रयत्नहरु भए? भन्ने तर्फ पनि घोत्लिनु पर्ने अवस्था सृजित भएको छ।

२१.स्थानीय तहका काम कारवाहीलाई नियाल्दा पोखरा महानगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ तर्जुमा गरी महानगरपालिकाभित्रका सम्पदा र सिमसार क्षेत्र परिभाषित गरिएको छ। तर ऐनमा सिमसार संरक्षणका लागि गर्ने भनिएका कार्यहरु भए गरेको अवस्था विद्यमान छ या छैन ? भन्ने प्रश्न स्वाभाविक रुपमा उठ्दछ। प्रस्तुत रिट निवेदनमा लिखित जवाफ पेश गर्दा समेत महानगर क्षेत्रभित्र सिमसारको पहिचान गरी त्यसको संरक्षण र व्यवस्थापन गर्ने, सिमसारमा आश्रित सङ्कटापन्न जीवजन्तु, जलचर, जङ्गली जनावर तथा अन्य जल आश्रित आनुवंशिक स्रोतको संरक्षण गर्ने, वातावरणीय असर न्यून हुने गरी सिमसार क्षेत्रमा वातावरण अनुकूल पर्यटनको विकास गर्ने जस्ता महत्वपूर्ण जिम्मेवारीहरु पुरा गरेको भनी जिकिर लिन सकेको पाइदैन। प्राकृतिक, धार्मिक, सांस्कृतिक महत्व रहेको फेवाताल, यसको जलाधार क्षेत्र र सिमसार क्षेत्र संरक्षण हुनुपर्दछ भन्ने मान्यतामा काम गरिरहेको भनी अमूर्त कुरा गर्दै स्रोत साधनको सीमिततालाई आफ्नो कमजोरी लुकाउने आधार बनाए जस्तो प्रतित हुन्छ। यस आधारमा फेवाताल संरक्षणसँग सम्बद्ध संस्थाहरुको क्रियाशिलता र प्रभावकारितासँग सन्तुष्ट हुन सकिने अवस्था देखिन आउँदैन।

२२.अब, फेवाताल र सोसँग सम्बन्धित प्राकृतिक जैविक सम्पदाहरुको संरक्षण गरी दिगो विकासको अवधारणा अनुरुप यसको संरक्षणका लागि गरिनु पर्ने कार्यहरुका बारेमा चर्चा गरौं। ताल संरक्षणप्रतिको संवेदनशीलता वचनबाट मात्र अभिव्यक्त भएर पुग्ने विषय नै होइन, त्यो व्यवहारमा नै अनुदित भएको देखिनु पर्दछ। अर्थात् ताल किनारमा उभिएर तालको अवस्था नियालिरहेको वा ताल वरिपरिको जलाधार क्षेत्र समेतलाई अवलोकन गरिरहेको जोसुकै स्वतन्त्र पर्यवेक्षकले सिङ्गो तालक्षेत्र आज संरक्षित रहेको छ र भोलिका लागि समेत अझ दिगो संरक्षणको आधार खडा भएको छ भन्ने अनुभूति गर्न पाउनु पर्दछ। प्रस्तुत रिट निवेदनबाट त्यही सुनिश्चितता खोजिएको हो, कसैप्रति आग्रह राखेर वा कसैको व्यक्तिगत लाभ हानीको सोच राखेर आदेश माग गरिएको होइन भन्दा अत्युक्ति हुँदैन। रिट निवेदनमा उठाइएको विषय वृहत्तर राष्ट्रिय स्वार्थसँग जोडिएको हुँदा

यसलाई सम्बन्धित निकायहरुले आफ्ना काम कारबाहीको समीक्षा गर्ने र कमी कमजोरी सच्याउने अवसरका रुपमा लिनु पर्दछ।

२३.राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा महत्व राख्ने कुनै पनि स्थान विशेषको निकट बसोबास गर्ने व्यक्तिहरुले त्यस्ता स्थानको निकटताको भावनात्मक र भौतिक दुबै खालका लाभहरुको उपयोग गर्ने अवसर पाउँछन्। तर उपयोग गर्न पाइने विराट अवसरहरुसँगै त्यस्ता क्षेत्रको संरक्षण र सम्बर्द्धनका लागि योगदान गर्नु पर्ने अनिवार्य दायित्व समेत जोडिएर आउँछ। कतिपय अवस्थामा आफ्नै सम्पत्तिको उपयोगमा समेत केही शर्तहरुको पालना गर्नु पर्ने बाध्यता समेत आउन सक्छ। त्यस्तो बाध्यतालाई व्यक्तिगत अधिकारको कोणबाट मात्र हेरेर चुनौति दिने होइन, कर्तव्यको कोणबाट हेरेर स्वीकार गर्नु पर्दछ। त्यसैले फेवाताल क्षेत्रको भौगोलिक सीमाका सम्बन्धमा स्थापित मापदण्डभन्दा बाहिरी क्षेत्रमा बसोबास गर्ने, सो क्षेत्रमा रहेर व्यवसाय गर्ने वा खेतिपाति गर्ने व्यक्तिहरुले समेत आफ्ना कामकारबाही सम्बन्धित निकायहरुको निगरानी, अनुगमन र मूल्यांकनको विषय बन्न सक्दछन् भन्ने कुरालाई सदैव हेक्का राख्नु पर्दछ र सो प्रकृयामा सहयोग पनि गर्नु पर्दछ। स्थानीय हुनुको नाताले त्यसैलाई कोपर्ने, चिथोर्ने, पुर्ने, खोतल्ने, भत्काउने, प्रदुषित तुल्याउने र यथासम्भव दोहन गर्ने कुरालाई अधिकारका रुपमा लिने, तर त्यसको संरक्षणको प्रसङ्ग उठ्दा भने अनिच्छा, उदासिनता र निष्कृयतालाई रोज्ने प्रवृत्तिले दिगो संरक्षण र दिगो उपयोग सम्भव हुनै सक्दैन।

२४.दिगो संरक्षण र दिगो उपयोग भन्नु भोलिको पुस्तालाई यथावत् रुपमा मात्र होइन अझ उन्नत र परिष्कृत रुपमा हस्तान्तरण गर्ने दृष्टिकोण हो।. तर फेवातालको आफ्नै सीमा अतिक्रमित भएको छ, मुहानको संरक्षणको विषय ओझेलमा परेको छ, जलाधार क्षेत्रमा समेत ठूला संरचनाहरु बनेको र बन्दै गरेको पाइएको छ, निजी सम्पत्तिको नाममा तालक्षेत्रलाई दीर्घकालीन असर पर्न जाने कार्यहरु समेत रोकिएका छैनन्, पानीको शुद्धतामा असर पर्ने अर्थात् प्रदुषित पार्ने खालका गतिविधिहरु भैरहेका छन्, पानीको स्रोतको रुपमा रहेका खोला खोल्सीहरुले बर्षातको समयमा पानी भन्दा बढी गेग्र्यान र बालुवा बोकेर सिमसार क्षेत्रलाई पुर्दै गएका छन्, ती खोला खोल्सीसँगै बगेर आएको प्रदुषणयुक्त पानी र अन्य फोहोर मैला समेत तालमा मिसिएर सिङ्गो तालक्षेत्र प्रदुँषणको मारमा परेको छ। यी सबैको धक्का फेवातालले व्यहोर्दै आएको छ, फलतः फेवाताल वरिपरि गगनचुम्बी संरचनाहरु थपिँदै गएका छन्, फेवातालको सीमाना र चालकिल्ला देखावटी जस्तो प्रतित हुन थालेको छ. फेवाताल पुरिँदै गएको छ, पानीको सुहान सुक्दै जाँदा जलसतह घट्दै गएको छ, फेवाताल र सिमसार क्षेत्रका रैथाने बनस्पतीलाई जलकुम्भीजस्ता झारहरुले विस्थापित हुने अवस्थामा पुर्याइदिएको छ, यहाँका जलचर, यससँग आश्रित चराचुरुङ्गीको वासस्थान मासिँदै गएको छ। समग्रमा फेवातालले आफ्नो प्राकृतिक, साँस्कृतिक पहिचानसँगै आफ्नो स्वरुप र आफ्नो वैभवशाली अस्तित्व क्रमिक रुपमा गुमाउँदै जाने खतरा यत्रतत्र मडारिएको देखिन्छ। यस खालको कहालिलाग्दो

अवस्थालाई दृष्टिगत गरी राज्यका जिम्मेवार निकायहरुलाई जिम्मेवारीबोध गराउनका लागि सर्वोच्च अदालतले यस अघि पटक पटक आदेश जारी गरिसकेको अवस्था छ। अदालतले दिएको आदेश वा निर्णयको सबैले पालना गर्नु पर्ने गरी नेपालको संविधानको धारा १२६ को उपधारा (२) मा व्यवस्था गरिए पनि उल्लिखित संवैधानिक व्यवस्था अनुरुपको कर्तव्य पालना भए गरेको देखिँदैन। त्यस खालको अकर्मण्यता कुनै पनि कोणबाट स्वीकार्य मानिँदैन। यस स्थितिमा संविधान र कानूनले सुम्पेको जिम्मेवारी पुरा गर्नु पर्ने तथा अदालतबाट जारी भएको आदेशको पालना गर्नु पर्ने कर्तव्य रहेका निकायहरुलाई पुनः घच्घच्याउनु पर्ने अवस्था उत्पन्न भएको छ।

२५. अब, निवेदन माग दावी अनुसारको आदेश जारी हुनु पर्ने अवस्थाको विद्यमानता रहे नरहेको सम्बन्धमा विचार गरौं। यस अघि विवेचित आधारमा निवेदकले आदेश जारी गरी पाउन माग गरेका विषयहरु मध्ये टिपर र डोजरको प्रयोग गरी माटो पुर्ने तथा सम्याउने गरी पोखरा महानगरपालिकाबाट दिइएको भनिएको अनुमति खारेज भैसकेको भन्ने देखिँदा सो सम्बन्धमा उत्प्रेषणको आदेश जारी गरिनु पर्ने अवस्थाको विद्यमानता नरही उक्त विषय सम्बोधन भैसकेको हुँदा अब सो विषयमा आदेश जारी गरिरहनु वाञ्छनीय हुँदैन। तर फेवातालको संरक्षण र दिगो विकासको जिम्मेवारीमा रहेका विपक्षीहरुले आफ्नो जिम्मेवारी प्रभावकारी रुपमा पूरा गरेको मान्न सकिने अवस्था देखिएको छैन। तालक्षेत्रको संरक्षणका लागि एकाङ्गी दृष्टिकोण मात्र पर्याप्त मानिँदैन। तालको जलभण्डार क्षेत्रको संरक्षण सँगै सिमसार क्षेत्रको संरक्षण, पानीको स्रोत अर्थात् मुहानको संरक्षण, पानीको स्रोतको दिगोपना, जलाधार क्षेत्रको संरक्षण तथा व्यवस्थापन, प्रदुषण नियन्त्रण, तालसँग जोडिएका रैथाने वनस्पती तथा जीवजन्तुको संरक्षणका साथै वरिपरिको वनजङ्गल र जमिनको संरक्षण समेतका बहुआयामिक पक्षमा ध्यान दिनु अपरिहार्य हुन्छ। तालक्षेत्रसँग प्रत्यक्ष रुपमा आश्रित जनता र तालक्षेत्रको सामाजिक, साँस्कृतिक, आर्थिक र पर्यावरणीय पक्षमा पनि उत्तिकै गम्भीरतापूर्वक कार्यक्रमहरु सञ्चालन गरिनु जरुरी हुन आउँछ। यी सबै पक्षमा संवेदनशीलता र तदनुरुपको क्रियाशीलताका लागि यस अदालतबाट आदेश जारी गरी सम्बद्ध सबैलाई जिम्मेवारीबोध गराउनु आवश्यक देखिएको छ।

२६. तसर्थ, निवेदकले माग गरेको टिपर डोजरको प्रयोग गरी माटो पुर्ने तथा सम्याउने गरी पोखरा महानगरपालिकाबाट दिइएको अनुमति खारेज भईसकेको भन्ने देखिँदा उत्प्रेषणको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिएकाले सो तर्फको दाबी खारेज हुने ठहर्छ । अब माथि विवेचित तथ्यगत र कानूनी आधार तथा न्यायिक मार्गदर्शन समेतको आधार कारण समेतबाट फेवातालको संरक्षणका साथै यसको दिगो विकास र दिगो उपयोगको वृहत्तर अभिभारा पुरा गर्नका लागि देहायबमोजिम गर्ने गराउने गरी विपक्षीहरुका नाममा न्याय प्रशासन ऐन, २०७३ को दफा ८ को उपदफा (१) बमोजिम परमादेशको आदेश जारी हुने ठहर्छः

- फेवातालको निर्धारित चारकिल्ला र सीमाना सहितको मापदण्डभित्र पर्ने गरी कुनै पनि भौतिक संरचना निर्माण नगर्नु, गर्न नदिनु ।
- फेवातालको निर्धारित मापदण्डभित्र यस अघि निर्मित संरचनाहरु हटाउने र त्यसबाट कायम हुन जाने ताल किनाराको मध्यवर्ती क्षेत्रको सौन्दर्यीकरण (Beautification) गर्ने समेतको प्रयोजनका लागि सम्बन्धित निकायहरुसँग समन्वय कायम गरी चालु आर्थिक बर्ष (२०८१ साल असार मसान्त) भित्रै कार्यतालिका बनाएर आगामी आर्थिक बर्षको प्रारम्भ (२०८१ साल श्रावण १ गते) देखि नै सो कार्यतालिका अनुसारको कार्य प्रारम्भ गर्ने प्रबन्ध मिलाउनु र त्यसरी तयार पारिएको कार्यतालिका सर्वोच्च अदालतको फैसला कार्यान्वयन निर्देशनालय र यस अदालतका रजिष्ट्रारको कार्यालयमा अनिवार्य रुपमा पेश हुने व्यवस्था मिलाउनु।
- फेवातालको पानीको स्रोतको रुपमा रहेका मुहानहरु, त्यसको वहाव क्षेत्र र समग्र जलाधार क्षेत्र समेतमा कुनै पनि भारी यान्त्रिक उपकरणहरु (Heavy equipments) को प्रयोगलाई पूर्ण नियन्त्रण गर्ने र सिमसार क्षेत्रको संरक्षणका लागि त्यसको प्राकृतिक संरचना, स्वरुप तथा अवस्थिति नखल्बलिने र यथावत् कायम रहने किसिमबाट मात्र उपयोग गर्न पाउने गरी नीतिगत निर्णय गरी सो क्षेत्रमा वसोवास गर्ने, व्यवसाय गर्ने र कृषिजन्य कार्य गर्ने सबैलाई सो को जानकारी दिई त्यसको निरन्तर निगरानी र अनुगमन गर्ने प्रबन्ध मिलाउनु ।
- फेवातालमा आश्रित जलचरहरुको संरक्षणको सुनिश्चितताका लागि फेवातालको जलाधार क्षेत्र र फेवातालसँग जोडिएका सिमसार क्षेत्रमा खेती गर्ने कृषकहरुलाई कुनै पनि रासायनिक पदार्थको प्रयोग नगर्नका लागि उत्प्रेरित गर्ने खालका कार्यक्रमहरु सञ्चालन गर्नु गराउनु।
- फेवातालको पानिको स्रोतको रुपमा रहेको मूहान क्षेत्र र सम्पूर्ण जलाधारक्षेत्रको संरक्षण गर्ने र त्यस्ता क्षेत्रमा उपयोगी मानिने रुख विरुवाहरु रोपी पानीको स्रोत बढाउने प्रयोजनका लागि वन, वातावरण र भूसंरक्षणको क्षेत्रमा क्रियाशील निकायहरुसँग समन्वय र सहकार्य गरी वृक्षारोपण र भूसंरक्षणको प्रबन्ध मिलाउनु।
- फेवाताल र यस क्षेत्रको ताल समूहमा परेका अन्य तालहरुमा रहेको प्रदुषणलाई न्यूनीकरण गर्नका लागि ताल किनाराका गतिविधिहरुमा निरन्तर रुपमा निगरानी गर्ने र पानीको वहाव क्षेत्रदेखि नै फोहोर नियन्त्रण गर्ने गरी व्यवस्था मिलाउनु।
- फेवातालको चारकिल्ला, यसको सीमाना र समग्र प्रभावित क्षेत्र (जलाधार क्षेत्र, वहाव क्षेत्र, ढाप क्षेत्र र सिमसार क्षेत्र समेत) मा हुने क्रियाकलापहरुको निरीक्षण र अनुगमन गरी निरन्तर रुपमा निगरानी बढाउन स्थानीय सुरक्षा निकाय, नगर प्रहरी र स्थानीय तहका प्रतिनिधि समेत संलग्न रहेको संयुक्त सुरक्षा गस्ती टोली

बनाई हप्ताको कम्तिमा एक पटक निरीक्षण र अनुगमन गरी प्रतिवेदन पेश गर्ने प्रबन्ध मिलाउनु।

- सरोकारवाला निकायका प्रतिनिधि र ताल क्षेत्रको संरक्षणमा क्रियाशील नागरिक समाजका प्रतिनिधिहरु समेत संलग्न रहेको संयन्त्र बनाई उक्त संयन्त्र मार्फत फेवातालको संरक्षण र दिगो विकास तथा दिगो उपयोग सम्बन्धमा विद्यमान कानून र न्यायिक निर्णयहरुका आधारमा स्थापित मापदण्डहरुको कार्यान्वयनको अवस्था मूल्यांकन गरी सुरक्षा गस्ती टोलीले दिएको प्रतिवेदन समेतलाई समेटेर द्वैमासिक रुपमा सर्वोच्च अदालतको फैसला कार्यान्वयन निर्देशनालय र यस अदालतका रजिष्ट्रारको कार्यालयमा अनिवार्य रुपमा प्रतिवेदन पेश गर्ने प्रबन्ध मिलाउनु।

## तपसिल खण्ड

माथि आदेश खण्डमा लेखिए बमोजिम परमादेशको आदेश जारी हुने ठहरेको हुँदा सो अनुसार गर्नु गराउनु भनी सोको जानकारी लिखित जवाफ प्रस्तुतकर्ता बिपक्षीहरुलाई दिनू .......... १

प्रस्तुत आदेशको जानकारी मुख्य न्यायाधिवक्ताको कार्यालय पोखरा र उच्च सरकारी वकील कार्यालय पोखरालाई समेत दिनू ........................................................................ २

सरोकारवालाले प्रस्तुत आदेशको नक्कल माग गरेमा उच्च अदालत नियमावली, २०७३ को नियम १२० बमोजिमको दस्तुर लिई नक्कल दिनू .................................................. ३

प्रस्तुत आदेशको विद्युतीय प्रति अपलोड गरी प्रस्तुत आदेश प्रमाणीकरण भएको विवरण अदालतको सूचना पाटी र वेबसाइटमा प्रकाशन गर्नू ............................................. ४

प्रस्तुत निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू .................................................................................................. ५

(उमेश कोइराला)
न्यायाधीश

उक्त रायमा म सहमत छु ।

(राजनप्रसाद भट्टराई)
का.मु.मुख्य न्यायाधीश

इजलास अधिकृतः श्री सरीता सुबेदी
कम्प्युटर टाइप गर्नेः श्री प्रेमबहादुर खत्री
इति सम्वत् २०८१ साल जेठ २७ गते रोज १ शुभम् ....................................।
प्रमाणीकरण मितिः २०८१।२।२७।१